# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड
## प्रधान कार्यालय, बुटवल

## सि.ए./ए.सि.सि.ए तथा सेमी क्वालिफाइड सि.ए.को आवश्यक्ता सम्बन्धी सूचना

**(दोश्रो पटक प्रकाशित मिति : २०८०/०८/१५)**

यस वित्तीय संस्थामा देहायका पदहरु करार सेवामा पूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्य नेपाली नागरिकहरुबाट मिति २०८०/०७/१३ गते देखि मिति २०८०/०७/१९ गते कार्यालय समय भित्र दरखास्त/आवेदन फारम पेश गर्न आव्हान गरिएकोमा उक्त अवधिमा दर्ता भएका आवेदनहरुलाई यथावत राखी दरखास्त/आवेदन दिने मिति २०८०/०८/१५ गतेदेखि २१ गते कार्यालय समयसम्म थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**विज्ञापन नं.०३/२०८०/८१**

| क्र.सं. | पद | संख्या |
|---|---|---|
| १ | सि.ए./ए.सि.सि.ए.(C.A. /A.C.C.A.) | केही |
| २ | सेमी क्वालिफाइड सि.ए. (Semi Qualified C.A.) | केही |

**(क) शैक्षिक योग्यता :**

१. सि.ए.को लागि न्यूनतम शैक्षिक योग्यता मान्यताप्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउण्टेन्सी उत्तीर्ण गरेको।
२. ए.सि.सि.ए. को लागि न्यूनतम शैक्षिक योग्यता मान्यताप्राप्त शिक्षण संस्थाबाट ए.सि.सि.ए.परीक्षा उत्तीर्ण गरेको।
३. सेमी क्वालिफाइड सि.ए.को लागि न्यूनतम शैक्षिक योग्यता मान्यताप्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउण्टेन्सी शिक्षा अन्तर्गत CAP 2 वा IPCC उत्तीर्ण गरी आर्टिकलसिप अभ्यास पूरा गर्नुका साथै स्नातक तह उत्तीर्ण गरेको।

**(ख) उम्मेदवारको उमेर** : दरखास्त/आवेदन दिने अन्तिम मितिमा सि.ए/ए.सि.सि.ए.को लागि ४० वर्ष र सेमी क्वालिफाइड सि.ए.को लागि ३५ वर्ष ननाघेको।

**(ग) दरखास्त दस्तुर** : रु. १,०००।-(अक्षरेपि एक हजार मात्र) सिटिजन्स बैंक इन्टरनेशनल लि. शाखा कार्यालय बुटवलमा रहेको यस संस्थाको खाता नं ०१२०१०००००३२३२०१ म जम्मा गरी सोको सक्कल भौचर पेश गर्नुपर्ने।

**(घ) उम्मेदवारको छनौट विधि : अन्तर्वार्ता।**

**(ङ) अन्य विवरण :**

१. दर्ता हुन आएका दरखास्तहरुमध्ये शैक्षिक योग्यता र कार्यानुभवको आधारमा आवेदकहरुको संक्षिप्त सूची (Shortlisting) तयार गरी अन्तर्वार्ताको लागि छनौट गरिने छ।
२. बैंक तथा वित्तीय संस्थाको कार्यानुभव भएकालाई प्राथमिकता दिइने छ।
३. अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरुले शैक्षिक योग्यता, नागरिकता, अनुभव तालिमको प्रमाणपत्रको सक्कलप्रति सहित उपस्थित हुनु पर्ने छ।
४. छनौटमा परेका उम्मेदवारहरुको अन्तर्वार्ता तोकिएको मिति, समय र स्थानमा सञ्चालन गरिने छ।
५. उम्मेदवारले उपलब्ध गराएको इमेल ठेगाना/मोबाइल नं.मा अन्तर्वार्ताको लागि जानकारी गराइने छ।
६. पारिश्रमिक तथा सेवा सम्बन्धी शर्त :- संस्थाको नियमानुसार करारनामामा उल्लेख भए बमोजिम हुने छ।
७. दरखास्त/आवेदनपेश गर्नु पर्ने कार्यालय : प्रधान कार्यालय बुटवल वा vacancy.btwl@gmail.com ठेगानामा पठाउनु पर्ने छ।
८. दरखास्त सम्बन्धी सूचना प्रधान कार्यालयको website मा राखिएको छ।
९. दरखास्त सम्बन्धमा जानकारी लिनु परेमा कार्यालय समय भित्र फोन नं.०७१-४३८९५४ मा सम्पर्क गर्न सकिने छ।

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड.
मानशक्ति व्यवस्थापन विभाग, प्रधान कार्यालय, बुटवल